लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ्ग

लुम्बिनी ,प्रदेश,नेपाल

## मेशिनरी सामग्री तथा ल्यान सामग्री र केमिकल्स माछापालक कृषकहरुका लागि मेशिनरी सामग्री खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/११/१६ गते)

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशु सेवा उपशाखाको चालु आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु सेवा केन्द्रको लागि मेशिनरी सामग्री तथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स माछापालक कृषकहरुलाई मेशिनरी सामग्री खरिद सम्बन्धी शिलबन्दी बोलपत्र पत्रद्वारा खरिद गर्नका लागी बजेट शिर्षक नं २२५२२ र २२३१९ को बजेट अन्तंगत यस कार्यालयको मिति २०७८/११/१५ गतेको निर्णयानुसार तपशिल मेशिनरी सामग्री तथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स माछापालक कृषकहरुका लागि मेशिनरी सामग्री खरिद गर्न सार्वजनिक खरिद नियमावली २०६४ को दफा ६३ को दफा (१३) को (१)उपदफा४को (१)तथा सार्वजनिक खरिद नियमावली २०६४ को (क) बमोजिम शिलबन्दी बोलपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायी/फर्महरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोल पत्र र E-Bidding पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१। बोल पत्र फारम खरिद गर्न ईच्छुक व्यवसायीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन मिति २०७८/१२/१५ गते सम्म कार्यालय समयभित्र चालु आ. व. को लागी नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता प्रमाण पत्र,वा मु. अ. कर दर्ता प्रमाण पत्र, आ. व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी सब कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कले पत्र निवेदन साथ पेश गरी नियमानुसार लाग्ने रु. १,०००/- एक हजार राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लमही, दाङबाट खरिद गर्न सकिनेछ । र यस लमही नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही, दाङमा खाता नं ४२९०१००३०१०१०००२ मा जम्मा गर्न सकिने छ ।

२। खरिद गरिएका शिलबन्दी दरभाउपत्र फारम र स्थाई लेखा नं दर्ता प्रमाणपत्र इ–बिडिङ पेश गर्दा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७७/१२/१६ गते दिनको १२:०० बजेभित्र यस नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी फारम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी लाहाछाप गरी शिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस नगर कार्यपालिकाको कार्यालयमा इ–बिडिङ पेश गर्दा तोकिएको समयभित्र दर्ता गराई सक्नुपर्नेछ थप जानकारीको लागि लमहि नगरपालिकाको website वा www.bolpatra.gov.np मा जानकारी लिन सकिने छ । सो शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिउसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधी र दरभाउपत्रदाता वा निजहरुले अख्तियारीनामा दिई पठाएका प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ड) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वयम घोषणा गरेको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४। सेवा केन्द्रको लागि मेशिनरी सामग्री तथा पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद लागी माछापालक कृषकहरुका लागि मेशिनरी सामग्री खरिद गर्दा दरभाउपत्र खरिद गरी एउटै खामभित्र एक भन्दा बढि दरभाउपत्रहरु राखी पेश गर्न पाईने छैन ।

५। शिलबन्दी दरभाउपत्रसाथ जमानत बापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, लमही, दाङमा रहेको धरौटी खाता नं. ४२९०१००३०३००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस नगर कार्यपालिकाको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुनेगरी १२० दिन अवधी (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ ।

६। दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा सहिछाप गरेको हुनुपर्ने छ ।

७। म्याद नाघि आएको वा रित नपुगेको वा कुनै पनी शर्त राखी पेश गरेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८। शिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित कानुन अनुसार हुनेछन ।

९। शिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमश: कार्यालय खुलेको अर्को दिन हुनेछ ।

१०। शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११। अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ ।

१२। दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को लागी भएकाले असार मसान्त सम्म कुनै प्रकारको मूल्य बृद्धि लाई स्वीकार गरिने छैन ।

| सि.नं | दरभाउपत्र नं. | सामग्रीको विवरण | फारम शुल्क रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | ख/०२ पशु/०७८/०७९ | १.पशु सेवा केन्द्रको लागि मेशिनरी सामग्री<br>२. पशु ल्याव संचालन गर्न सामग्री र केमिकल्स खरिद<br>३. माछापालक कृषकहरुका लागि मेशिनर सामग्री खरिद (एरिएटर मेशिनरी ) | १,०००/-एक हजार रुपैयाँ मात्र | ६१,७७०/-एकसट्ठी हजार सात सय सत्तरी मात्र |

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या ०७८/७९

च.न.

## सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति मिति २०७८।११।१६

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको चालु आ.व ०७८/०७९को पशु सेवा उपशाखाको लागि आवश्यक पर्ने पशु ल्याबको लागि सामग्री र केमिकल्स साथै मेशीनरी सामग्री साथै माछाको लागि एरिएटर खरिद गर्न सिलबन्दी बोलपत्र आवहान गरिएको छ। शिलबन्दी बोलपत्रको सम्पुर्ण सूचनाको जानकारी लमही नगरपालिकाको वेबसाइड lamahimun.gov.np मा वा लमही नगरपालिकाको सूचना पाँटीमा हेर्न सकिने छ।

---------------------

महेन्द्र बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत